# यौनहिंसा पीडित महिलाका पक्षमा पैरवी समूह

काठमाडौं, १७ मंङ्सिर । महिला हिंसा विरुद्धको १६ दिने अभियानका अवसरमा यौन जन्य हिंसाका विषयमा इह्रिकनको आयोजनामा बिहीबार नागरिक समाजका सदस्यहरुबीच अन्तरक्रिया सम्पन्न भयो ।



ललितपुरमा ८ मंसिरमाको राती २० वर्षीया एक युवतीमाथि सामूहिक बलात्कार भएको विषयलाई केन्द्रमा राखेर अन्तरक्रिया भएको थियो । सोही बिषयमा महिला तथा अधिकारकर्मी, कानून व्यवसायी तथा विभिन्न संघसंस्थाका प्रतिनिधिहरुको उपस्थितिमा पीडित महिलाका बारेमा उनलाई कसरी न्याय दिलाउन सकिन्छ भन्ने विषयमा छलफल गरियो ।

छलफल कार्यक्रममा राजधानीमा नै युवतीमाथि सामूहिक बलात्कार भएकाले अन्यत्र महिला कति असुरक्षित रहेछन् भन्ने पक्ष पनि उद्घाटित भएको सहभागीहरुले जनाए । यस्ता घटनाहरु दोहोरिन नदिन विशेष रुपले चनाखो हुन र प्रहरीसँग मिलेर काम गर्न एक पैरवी समूहको गठन पनि सो भेलाले गर्‍यो ।



पैरवी समूहमा इह्रिकन, साथी, जुरी-नेपाल, सञ्चारिका समूह, महिला कानून र विकास मञ्च तथा सलर्ड संस्थासहित ६ सदस्य रहेका छन् । समूहले प्रभावित युवतीलाई भेटेर मानसिक रुपमा आश्वस्त बनाउने र प्रहरीसँग मिलेर न्यायका लागि पहल गर्ने कार्यादेश पाएको छ ।